# नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड

**NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, धादिङवेसी, धादिङ

फोन: ०१०-५२०७६१/५२०८७६ फ्याक्स: ०१०-५२०९०४


## सातौं वार्षिक साधारण सभाको सूचना

प्रकाशित मितिः २०७७/११/०५

यस बित्तीय संस्थाको मिति २०७७/११/०३ गते सोमवार बसेको सञ्चालक समितिको १०९औं बैठकको निर्णय अनुसार सातौं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : २०७७/१२/०५ गते बिहिवार, तदनुसार १८ मार्च, २०२१**

**समय : विहान १०:०० वजे**

**स्थान : क्रिक रिसोर्ट, धादिङबेशी, धादिङ ।**

**छलफलको विषय सूचीः**

**क. सामान्य प्रस्तावः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

(३) यस वित्तीय संस्थाको आर्थिक बर्ष २०७७/७८ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक के.ए.एस एसोसिएटस् चार्टर्ड एकाउण्टेन्टस पूनः नियुक्तिको लागि ग्राह्य हुनु हुनेछ) ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७७ आषाढ मसान्तमा कायम रहेको चूक्ता पूँजी रु.२६,४०,४५,२५०।– (रु. छब्बीस करोड चालीस लाख पैतालिस हजार दुई सय पचास) को ०६ प्रतिशतले हुने नगद लाभांस रु.१,५८,४२,७१५।– (बोनस शेयर र नगद लाभांसमा लाग्ने कर समेत) बितरण गर्ने प्रस्तावमाथि छलफल गरि पारित गर्ने ।

(५) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धमा ।

**ख. बिशेष प्रस्तावः**

(१) आ.व. २०७६/७७ को मुनाफावाट १०:२.१ (अर्थात प्रत्येक १० कित्ता शेयर बराबर २.१ कित्ता वा प्रत्येक शेयरको २१%) को अनुपातमा बोनश शेयर जारी गरी वित्तीय संस्थाको चुक्ता पूँजी रु.३१,९४,९४,७५२।- (अक्षरुपी एकतीस करोड चौरानब्वे लाख चौरानब्वे हजार सात सय वाउन्न) पुऱ्याउने ।

(२) यस बित्तीय संस्थाले इजाजतपत्रप्राप्त 'घ' बर्गका अन्य लघुवित्त बित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभिने (Merger) प्रयोजनको लागि आवश्यक भए समिति गठन गरि उपयुक्त बित्तीय संस्थाको पहिचान र छनौट गर्ने, समभ्कदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार कानुन परामर्शदाता, सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, तथा लेखापरीक्षक नियुक्त गर्ने, नीजहरुको पारिश्रमिक तोक्ने तथा प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभिने (Merger) संग सम्वन्धित प्रचलित कानुन तथा निर्देशन वमोजिम गर्नुपर्ने आवश्यक सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने ।

(३) वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६(ख), (ग) र नियमावलीको दफा ३२(ख) मा आवश्यक संशोधन गर्ने सम्वन्धी बिशेष प्रस्तावमा छलफल गरि पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने ।

**(ग) बिबिध**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी अन्य सामान्य जानकारीः

१. यस साधारण सभामा भाग लिन तथा लाभांस प्रयोजनको लागि संस्थाको शेयर दाखिल खारेजको काम मिति २०७७।११।१४ गते देखि २०७७।१२।०५ गतेसम्म बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७।११।१३ गतेसम्म कारोबार भइ प्रचलित कानुन वमोजिम यस संस्थाको शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यस सभामा भाग लिन पाउने छन् ।

२. यस वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि संस्थाको नियमावलीमा उल्लेख भए अनुसारको न्यूनतम १०० किता शेयर धारणा गरेको हुनुपर्नेछ ।

३. यस संस्थाको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न पाउने छन् ।

५. लेखापरीक्षकको प्रतिवेदन सहित संस्थाको सातौं वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई हुलाक सेवा मार्फत पठाइनेछ । कथम कदाचित सो प्राप्त नभएमा प्रतिवेदनको लागि संस्थाको वेभसाइट www.nationalmicrofinance.com.np मा हेर्नुहुन वा संस्थाको केन्द्रीय कार्यालय धादिङवेसी धादिङ वा संस्थाको शेयर रजिष्ट्रारको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

६. सभामा भाग लिन प्रतिनिधी नियुक्ती गर्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरि सक्नु पर्ने छ । सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधी नियुक्ति गरि सकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अबधीभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्ने छ ।

७. नावालक तथा विछिप्त शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयरलगत किताबमा संरक्षकको रुपमा पहिले नाम उल्लेख भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न पाउने छ ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्ती गरिएको एक व्यक्तिले मात्र भाग लिन वा मतदान गर्न पाउने छ ।

९. शेयरधनी महानुभावहरुको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहानको ९:०० बजेबाट सभामा खुला रहने छ ।

१०. सर्वसाधारण शेयरधनी महानुभावहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम यस कम्पनीको केन्द्रीय कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयबाट उपलब्ध हुनेछ ।

११. अन्य जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय धादिङवेसी धादिङमा सम्पर्क राख्नुहुन अनुरोध छ ।